# कविलासी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कविलासी, सर्लाही

२०७४

मधेश प्रदेश, नेपाल

पत्र संख्याः २०८२/८३

चलानी नं.: १५०८

मितिः २०८३।०१।१४

ने.सं.११४६ बछलाथ्व एकादशी, सोमबार

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री वडा कार्यालय सबै
कविलासी नगरपालिका, सर्लाही ।

प्रस्तुत विषयमा सर्लाही भन्सार कार्यालय मलंगवा, सर्लाहीको प.सं.०८२।८३ च.नं.९१९ मिति २०८२।१२।२५ गतेको पत्रानुसार सर्लाही जिल्ला भरिका सम्पूर्ण स्थानीय तहहरुले विवाह, जन्म उत्सव, काजकिरिया लगायतका कार्यहरुमा भोजभतेर गर्नुपर्ने भएर भारतबाट सरसामनान खरिद गरि नेपाल लिएर आउनको लागि आवश्यक सहयोग गरिदिनुहुन भनि भन्सार कार्यालयलाई सम्बोधन गरि स्थानीय जनतालाई सिफारिस गरि पठाउने कार्य भइरहेको र स्थानीय तहको सो सिफारिसकै आधारमा भन्सार छुट, कमी तथा मिनाहा गर्न अनावश्यक दबाव दिने, झै-झगडा गर्ने, कार्यालयका कर्मचारीहरुलाई गालि समेत गर्ने गरेको । आम सर्वसाधारण जनतामा स्थानीय तहको सिफारिस पत्र भएमा भन्सार छुट हुने वा कमि हुने बुझाई रहेको पाइएकोमा स्थानीय तहले जारी गरेको त्यस्तो सिफारिस पत्रले **"भन्सार महसुल कमि/मिनाहा/छुट केहि पनि नहुने"** भन्ने विषय आम सर्वसाधारण जनतालाई बुझाउन जरुरी देखिएको भनि सर्लाही भन्सार कार्यालय, मलंगवा, सर्लाहीले गरेको पत्राचार अनुसार सम्पूर्ण स्थानीयबासी सबैलाई जानकारीको लागि अनुरोध छ ।

२०८३।१।१४

मनहरि बराल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**
श्री सूचना प्रविधि शाखा, कविलासी न.पा. :- सबै वडा कार्यालयलाई जानकारी गराई Website मा Upload गर्नुहुन ।

इमेल ठेगानाः Kabilasimun@gmail.com
वेबसाईटः www.kawilasimun.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय,
भन्सार विभाग
# सर्लाही भन्सार कार्यालय
मलंगवा,सर्लाही ।

फोन नं.०४६-५२०१४१
फयाक्स ५२०१५४

पत्र संख्या :०८२/८३
चलानी नं. : ६९६

मितिः २०८२/१२/२५

श्री जिल्ला समन्वय समितिको कार्यालय,
मलङ्गवा, सर्लाही ।

विषयः सिफारिस सम्वन्धमा ।

प्रस्तुत विषयको सम्वन्धमा सर्लाही जिल्ला भरिका सम्पूर्ण स्थानिय तहरुले विवाह, जन्म उत्सव, काजकिरिया लगायतका कार्यहरुमा भोजभतेर गर्नुपर्ने भएर भारतवाट सरसामान खरिद गरि नेपाल लिएर आउनको लागि आवश्यक सहयोग गरिदिनुहुन भनि यस भन्सार कार्यालयलाई सम्वोधन गरि स्थानिय जनतालाई सिफारिस गरि पठाइएको छ । स्थानिय तहको सो सिफारिसकै आधारमा भन्सार छुट, कमी तथा मिनाहा गर्न अनावश्यक दवाव दिने, झै-झगडा गर्ने, कार्यालयका कर्मचारीहरुलाई गालि समेत गर्ने गरेको छ । आम सर्वसाधारण जनतामा स्थानिय तहको सिफारिस पत्र भएमा भन्सार छुट हुने वा कमि हुने बुझाई रहेको पाइएको छ । अतः स्थानिय तहले जारी गरेको त्यस्तो सिफारिस पत्रले भन्सार महसुल कमि/मिनाहा/छुट केहि पनि नहुने भन्ने विषय आम सर्वसाधारण जनतालाई वुझाउन जरुरी देखिएकोले सम्पूर्ण स्थानिय तहरुलाई यस विषयमा जानकारी गराउन पत्राचार गरिदिनुहुन अनुरोध छ ।

०८२।१२।२५
धर्मेन्द्र प्रसाद महतो
भन्सार अधिकृत
भन्सार अधिकृत

वोधार्थ
श्री जिल्ला प्रशासन कार्यालय, मलङ्गवा, सर्लाही ।
श्री जिल्ला प्रहरी कार्यालय, मलङ्गवा, सर्लाही ।
श्री सशस्त्र प्रहरी बल नेपाल, नं. १० गण हे.क्वा. कविलासी, सर्लाही ।